"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

प्रदेश नं. ३, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : ०७४।०७५
चलानी नं. : २०६६

मिति :

मितिः२०७५।०१।१३

विषयः **प्रेश विज्ञप्ती।**

नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभा मिति २०७५ वैशाख १३ गते सम्पन्न भएको छ। नगर प्रमुख श्री टि.पि. शर्माज्यूको अध्यक्षतामा सम्पन्न सभाले नेपालको संविधानको धारा २१७ बमोजिम नगरपालिकाको न्यायिक समितिमा रहने दुई सदस्यमा वडाध्यक्षहरु श्री उद्धवप्रसाद काफ्ले र श्री मेलबहादुर लामालाई निर्वाचित गर्नुका साथै न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ लगायत नौवटा कानूनहरु सर्वसम्मतिले स्वीकृत गरेको छ। त्यसै गरी सभाले नगर कार्यपालिकाका विभिन्न मितिका बैठकबाट भएको लेखा समिति, विधायन समिति, सुशासन समिति लगायतका समिति गठन गर्ने, प्रथम नगर सभाबाट स्वीकृत केही योजनाहरुको नाम संशोधन तथा रकमान्तर गर्ने लगायतका महत्वपूर्ण निर्णयहरु गरेको छ।

सभामा नगर प्रमुख श्री टि.पि. शर्माज्यूले चालु आर्थिक वर्ष २०७४/७५ को लागि प्रथम नगर सभाबाट स्वीकृत नीति कार्यक्रम तथा बजेटको प्रगति विवरण प्रस्तुत गर्नु भएको थियो। सभामा पेश भएको विवरण अनुसार चालु आ.व.को लागि विनियोजित बजेट रु. ३३९८२२८४३.०० मध्ये चैत्र मसान्तसम्म रु.१८८५७३२०१.१८ खर्च भएको छ। त्यसै गरी स्वीकृत ४१२ वटा योजनाहरु मध्ये ३८० वटा योजना सम्झौता भइ कार्यान्वयनमा रहेका छन् भने वार्षिक राजश्व अनुमान रु. १३००००००।०० मा हालसम्म रु. ८००००००।०० राजश्व असुली भएको छ। यस अवधिमा नगरलाई वातावरणमैत्री नगरको रुपमा विकास गर्न हाल सञ्चालनमा रहेका इटा भट्टालाई हटाउने विषयमा नगर कार्यपालिकाबाट निर्णय गरी विभिन्न निकायहरुसँगको सहकार्यमा अध्ययन तथा सरोकारवालाहरुसँग छलफल भैरहेको, सडक, खानेपानी लगायतका पूर्वाधारका योजनाहरु धमाधम निर्माण भइ रहेको, स्वास्थ्य शिक्षा लगायतका क्षेत्रमा गुणस्तर सुधारको लागि विभिन्न कार्यहरु भएको, लक्षित वर्गको क्षमता विकास तथा जिविकोपार्जन सुधारका कार्यक्रमहरु सञ्चालन भएको लगायतका विवरण नगर प्रमुखले सभामा पेश गर्नु भएको थियो।

दोश्रो नगर सभाबाट स्वीकृत कानूनहरु देहाय बमोजिम रहेका छन्।

१. नमोबुद्ध नगरपालिकाको नगर सभाका पदाधिकारीहरुको आचारसंहिता, २०७५

कुमार प्रसाद कोइराला
प्रमुख प्रशासकीय अधिकृत

"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
प्रदेश नं. ३, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : ०७५/०७६
चलानी नं. : २०६६

मिति :

२. नमोबुद्ध नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
३. नमोबुद्ध नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७५
४. नमोबुद्ध नगरपालिकाको न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
५. नमोबुद्ध नगरपालिकाको सहकारीको स्थापना तथा सञ्चालन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
६. नमोबुद्ध नगरपालिकाको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयक, २०७५
७. नमोबुद्ध नगरपालिकाको फोहरमैला व्यवस्थापन गर्न बनेको विद्येयक, २०७५
८. नमोबुद्ध नगरपालिकाको एफ.एम रेडियो (संचालन तथा व्यवस्थापन ) गर्न बनेको विद्येयक, २०७५
९. नमोबुद्ध नगरपालिकाको कृषि व्यवसाय प्रबर्द्धन गर्न बनेको विधेयक, २०७५

.............................
( कुमारप्रसाद कोइराला)
प्रमुख प्रशासकीय अधिकृत/
सदस्य सचिव